**नेपाली / *NEPALI***

विषय: क्याम्पस *COVID* अपडेट: वसन्त सेमेस्टर तर्फ हेर्दै

*यस सन्देशमा समेटिएको छ:*

- जाडो बिदाको बेलामा परीक्षण
- ध्यान दिनुहोला: मास्क लगाउने नीति लम्बाइएको
- वसन्त सेमेस्टरको परीक्षण
- कर्मचारी खोप जनादेश सम्बन्धी अपडेट
- कसरी सूचित रहने

विद्यार्थी, कर्मचारी र संकायहरू,

शरद सेमेस्टर सक्किने क्रममा, हाम्रो क्याम्पसमा *COVID-19* नियन्त्रण गर्ने अत्याधिक सफल प्रयासहरूमा हामी तपाईंको योगदानको लागि धन्यवाद दिन चाहन्छौं। एकजुट भएर, खोप र बूस्टर लगाएर, मास्क लगाएर र बिरामी हुँदा घरमै बसेर, हामी सामान्य क्याम्पस अनुभवमा फर्कन र एकअर्कासँग भेट्न सक्षम भएका छौं।

यस शरद सेमेस्टरको हाम्रो प्रगतिले हामीले *COVID-19* को *omicron* प्रजातीलाई निगरानी गर्ने क्रममा वसअन्त सेमेस्टरको वसन्त सेमेस्टरको लागि बलियो जग दिएको छ। प्रारम्भिक रिपोर्टहरूले देखाएका छन् कि यो प्रजाती पहिलेका प्रजातीहरू भन्दा चाँडै सङ्क्रमण हुन सक्दछ तर अझै गम्भीर बिमारीको कारण नबन्न सक्दछ, विशेष गरी बूस्टर खोप लगाउनेहरू प्रति। क्याम्पसमा सजिलो, नि:शुल्क खोप प्रदान गर्नु युनिभर्सिटीको प्रतिक्रियाको एउटा महत्त्वपूर्ण भाग बन्न जारी रहनेछ।

आज हामी केही महत्त्वपूर्ण ध्यान दिनुपर्ने कुराहरूका साथसाथै युनिभर्सिटीले कसरी वसन्त सेमेस्टरमा परिचालन गर्नेछ, यी कुराहरू साझा गर्नेछौं। सधैँजसो, नयाँ जानकारी र जनस्वास्थ्य मार्गदर्शन आउने बित्तिकै हामी हाम्रो योजना र नीतिहरूको मूल्याङ्कन गर्न जारी राख्नेछौं।

**जाडो बिदाको बेलामा परीक्षण**
क्याम्पस परीक्षण स्थलहरू डिसेम्बर २३ मा दिउँसो १२:३० बजे बन्द हुनेछन् र जनवरी २ सम्म बन्द रहनेछन्। म्याडिसन वरिपरिका *COVID-19* परीक्षण स्थलहरूको जानकारी *Public Health Madison & Dane County* वेबसाईटमा पाइनेछ।

**यदि तपाईंलाई यात्राको आवश्यकता पूरा गर्न *COVID-19* परीक्षण आवश्यक छ भने, अगाडि नै योजना बनाउनुहोला।** *UW–Madison* मा परीक्षण समय बनाएर मात्र उपलब्ध छन् र प्रायजसो *PCR* परीक्षणको नतिजा २४ घण्टा भित्र उपलब्ध भएतापनि केहीलाई समय लाग्न सक्दछ। **तपाईंले क्याम्पस बाहिर *COVID-19* परीक्षण गर्नुपर्ने हुनसक्दछ।**

हप्ते पिच्छे परीक्षण गर्न आवश्यक हुने खोप नलगाएका विद्यार्थी र कर्मचारीहरू जाडो बिदाको परीक्षणको बारेमा थप जानकारी पाउनेछन्।

**जनवरी ३ देखि, क्याम्पस परीक्षण स्थलहरूलाई एउटै ठाउँमा सारिनेछ, *University Club, 803 State St*** (*State Street Mall* र *East Campus Mall* को चोकमा)। क्याम्पसमा उच्च खोप लगाएको दरको कारण, हामीले आवश्यक पर्ने र परीक्षण गर्न चाहनेहरू सबैलाई एउटा स्थलमा परीक्षण गराउन सक्षम छौं। परीक्षणको समय दिउँसो बाह्र बजेदेखि १ बजे खाजा खाने समय बाहेक सोमबारदेखि बिहीबार बिहान ८:३० बजेदेखि दिउँसो ४ बजेसम्म, र शुक्रबार, बिहान ८:३० बजेदेखि दिउँसो १२:३० बजेसम्म समय मिलाएर उपलब्ध हुनेछन्।

**ध्यान दिनुहोला: मास्क लगाउने नीति लम्बाइएको**
भवनहरू भित्र मास्क लगाउने *UW–Madison* को आवश्यकता **जनवरी १५, २०२२** सम्म लम्बाइएको छ (कुलपतिको आदेश पढ्नुहोला ।) । यस नीति, समकालीन जनस्वास्थ्य मार्गदर्शन र क्याम्पस र समुदायमा *COVID-19* को व्यापकता विचारमा राखेर जनवरीको शुरूवातमा फेरि समीक्षा गरिनेछ ।

यसरी लम्बाउनाले क्याम्पस समुदायका धेरै सदस्यहरू यात्रा गर्ने र हाम्रो राज्य र क्षेत्रमा *COVID-19* केसहरू बढीरहेको क्रममा स्वास्थ्यका चिन्ताहरू कम गर्न सहयोग गर्नेछ ।

**वसन्त सेमेस्टरको परीक्षण**

- **पूरा रूपमा खोप लगाएका व्यक्तिहरू:** भर्खरका मेडिकल प्रमाण र विज्ञ सल्लाह अनुसार, युनिभर्सिटीले पूरा रूपमा खोप लगाएका विद्यार्थी र कर्मचारीहरूका लागि घरमै चलाउन मिल्ने *rapid antigen* परीक्षण सामग्री नि:शुल्क उपलब्ध गराउनेछ । घरमै चलाउन मिल्ने *rapid antigen* परीक्षणको बारे थप जानकारी प्रदान गरिनेछ ।

  एन्टिजेन परीक्षणहरूले आफैँले नाकबाट नमूना निकाल्ने तरिका प्रयोग गर्दछन् र १५ मिनेट भित्रमा नतिजा प्रदान गर्दछन्, जसले गर्दा *COVID-19* देखिएका व्यक्तिहरूले आफूलाई चाँडै अलग्गै राखेर रोग सङ्क्रमण हुनबाट बचाउन सक्नेछन् । यी परीक्षणहरू अब व्यापक रूपमा डाक्टरको सिफारिश बिना *(over-the-counter)* उपलब्ध छन् र अमेरिका र विश्वभरी जनस्वास्थ्यको प्रतिक्रियाको रूपमा धेरै प्रयोगमा आएका छन् ।

  भाइरल भारहरू उच्च हुने बेलामा जब व्यक्तिहरू सबैभन्दा धेरै सङ्क्रामक हुने सम्भावना हुन्छन्, तब एन्टिजेन परीक्षण *PCR* परीक्षणहरूसँग तुलनात्मक रूपमा संवेदनशील हुन्छन् । ती परीक्षणहरू कुनै व्यक्तिमा लक्षण देखिएमा प्रयोग गर्दा राम्रो हुन्छ । हाम्रो क्याम्पस समुदायको ९५ प्रतिशत पूर्ण रूपमा खोप लगाउनाका साथ, एन्टिजेन परीक्षणले द्रुत नतिजाहरू र निरन्तर *COVID-19* निगरानीका साथ हाम्रो अहिलेका रणनीतिहरूको पूरक उपकरणको रूपमा रहने अनुमति दिनेछ ।

- **अहिलेसम्म पूरा रूपमा खोप नलगाएका व्यक्तिहरू:** शरद सेमेस्टरमा परीक्षण गर्न आवश्यक भएका विद्यार्थी र कर्मचारीहरूलाई *University Club* परीक्षण स्थलहरूमा हप्ते पिच्छे *PCR* परीक्षण गर्न जारी राख्न आवश्यक हुनेछ ।

**कर्मचारी खोप जनादेश सम्बन्धी अपडेट**
संघीय अदालतले जारी गरेको निषेधाज्ञाको कारणले युनिभर्सिटीले खोपको जनादेश लागू गर्न रोकेको छ । यो रोक हटाइएको अवस्थामा, तपाईंलाई सूचना दिइनेछ र पालना गर्ने समय तपाईंसँग हुनेछ । प्रभावित कर्मचारीहरूले थप जानकारी पाउँदैछन् । डिसेम्बर १३ भित्रमा चिकित्सा/अशक्तता अथवा धार्मिक कारणले अनिवार्य खोपको आवश्यकतासँग जोडिएको सहायता अनुरोध बुझाएका कर्मचारीहरू: स्वीकृतिको निर्णय गरिएको छ या छैन तपाईंहरूलाई सूचना दिइनेछ । यदि अनुरोध अस्वीकार हुने वा यसका लागि थप जानकारी आवश्यक भएमा, यस समीक्षालाई थप सूचना नआएसम्म रोकिनेछ ।

**कसरी सूचित रहने**

- नियमित रूपमा अपडेट गरिने *COVID-19 प्रतिक्रिया वेबसाईट*, *FAQs*, र *dashboard* हेर्नुहोला ।
- भविष्यमा यस्तै ईमेलहरूको अपेक्षा गर्नुहोला ।
- तपाईंलाई चाहिने जानकारी भेट्नु भएन ? covidresponse@vc.wisc.edu मा ईमेल वा (608) 262-7777 मा फोन गर्नुहोला ।